नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**प्रदेश नं ५ को आ.व. २०७२/७३ को वार्षिक प्रगति समीक्षा गोष्ठी**

**प्रेस विज्ञप्ति**

मिति २०७३ साल आश्विन १३ देखि १४ गतेसम्म माननीय सङ्घीय मामिला तथा स्थानीय विकास राज्यमन्त्री श्री श्रीप्रसाद जवेगुज्यूको प्रमुख आतिथ्य, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह-सचिव श्री गोपीकृष्ण खनालज्यूको अध्यक्षतामा प्रदेश नं ५ को आ.व. ०७२।७३ मा स्थानीय निकायहरुद्वारा सम्पादित कार्यहरुको वार्षिक प्रगति समीक्षा गोष्ठी आज बुटवलमा सम्पन्न भयो। यस कार्यक्रममा प्रदेश नं ५ अन्तर्गतका जिल्ला विकास समितिहरुका स्थानीय विकास अधिकारी, योजना अनुगमन तथा प्रशासकीय अधिकृत तथा जिल्ला प्राविधिक कार्यालयहरुका प्रमुख जिल्ला इन्जिनियर र नगरपालिकाहरुका कार्यकारी अधिकृतका साथै मन्त्रालय र अन्तर्गतका विभागका अधिकारीहरु, रुपन्देहीका प्रमुख जिल्ला अधिकारी, गा.वि.स. राष्ट्रिय महासंघका प्रतिनिधि लगायत सञ्चारकर्मीहरु समेतको उपस्थिति रहेको थियो।

कार्यक्रमको समुद्घाटन सत्रमा मन्त्रालयका उप-सचिव श्री नरहरी भण्डारीले स्वागत मन्तव्यका साथै गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्नुभयो। सो अवसरमा मा. राज्यमन्त्रीज्यूले गोष्ठीको समुद्घाटन गर्नुहुँदै इतिहासको विभिन्न कालखण्डमा नेपाली जनताले गरेको आन्दोलनको उपज स्वरुप प्राप्त भएको लोकतन्त्र र सो पश्चात् जारी गरिएको बर्तमान संविधानको कार्यान्वयन गर्ने महत्वपूर्ण जिम्मेवारी स्थानीय निकायमा रहेको विचार व्यक्त गर्नुभयो। स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको रिक्तताको कारण प्रशासनिक कर्मचारीहरुले राजनैतिक एवं प्रशासनिक भूमिका निर्वाह गर्नु परिरहेको सन्दर्भमा स्थानीय निकायबाट सम्पादित कार्यहरुको प्रसंशा गर्नुभयो। उद्घाटन सत्रको समापनको क्रममा कार्यक्रमका अध्यक्षले संविधान कार्यान्वयन, संघीयता व्यवस्थापन र स्थानीय तहको पुनर्संरचना जस्ता विषयहरु संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प्राथमिकताको विषय रहेकोले सो अनुरुप स्थानीय निकायहरु परिचालित हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले सबै नगरपालिकाहरुलाई Smart City को अवधारणा अनुरुप आवश्यक योजना र पूर्वाधार निर्माण गरी व्यवस्थित नगर विकास गर्नतर्फ अग्रसर हुन निर्देशन दिनुभयो।

समुद्घाटन सत्र पश्चात् सञ्चालित कार्यक्रम सत्रमा सबै जि.वि.स. र न.पा.बाट समीक्षा अवधिमा सम्पन्न भएका कार्यहरुको प्रगति, देखिएका प्रमुख समस्याहरु र समाधानका लागि भएका प्रयास एवं भावी कार्यक्रमको बारेमा प्रस्तुतीकरण गरिएको थियो। मन्त्रालयका सह-सचिवज्यूहरुको संयोजकत्वमा रहेको सहजीकरण समूहले स्थानीय निकायबाट प्रस्तुत भएको प्रस्तुतीकरणमा उठेका प्रमुख सवालहरु र अनुकरणीय कार्यहरुको निश्कर्ष तयार गरी प्रस्तुती गरेको थियो। साथै सहभागीहरुका तर्फबाट उठाइएका जिज्ञासाहरुको विषयमा मन्त्रालयका सह-सचिवहरुले नीतिगत व्यवस्था सहित आगामी दिनमा गर्नुपर्ने थप कार्यका सम्बन्धमा जानकारी गराउनु भयो।

उक्त गोष्ठीका प्रमुख अतिथि माननीय सङ्घीय मामिला तथा स्थानीय विकास राज्यमन्त्रीज्यूले सबै स्थानीय निकायले मुलुकको आर्थिक विकास, समृद्धि र आत्मनिर्भर अर्थतन्त्रको विकासको लागि सबैले आ-आफ्नो क्षेत्रबाट पहल गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले सबैले आफ्नो जिल्ला, नगर तथा गाउँलाई सफा, सुग्घर र सुन्दर बनाउन आ-आफ्नो तर्फबाट पहल गर्न, दमकल एवं विपद व्यवस्थापनका लागि संस्थागत व्यवस्था गर्न निर्देशन दिनुभयो। यसका साथै फोहोरमैला व्यवस्थापन र नदी, पोखरी संरक्षण जस्ता विषयहरुमा अन्य उत्कृष्ट कार्यसम्पादन गर्ने स्थानीय निकायबाट पाठ सिकी सोही अनुरुप आवश्यक योजना बनाउन समेत निर्देशन दिनुभयो।

समापन कार्यक्रमको अवसरमा राष्ट्रिय योजना आयोगका निर्देशक श्री नवराज तिवारीले समीक्षा गोष्ठीको सघन छलफलमा उठेका विषयहरुलाई सम्बोधन गर्नुका साथै आयोजनामा देखिने दोहोरोपना न्यूनिकरण गर्न तालुक मन्त्रालय, आयोग र विषयगत मन्त्रालयहरुको विशेष पहल आवश्यक रहेको कुरा व्यक्त गर्नुभयो। समापन कार्यक्रमका अध्यक्ष एवं केन्द्रीय पञ्जीकरण विभागका महानिर्देशकले स्थानीय निकायबाट सम्पादित राम्रा कामहरुको प्रचार प्रसार गरी यस्ता उल्लेखनीय कार्यलाई अन्य निकायले पनि अनुशरण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो। उहाँले स्थानीय निकाय आफैंले हल गर्न सक्ने समस्याहरु आफैं व्यवस्थापन गर्न र नसक्ने विषयहरु मात्र मन्त्रालय एवं केन्द्रीय निकायमा पठाउन निर्देशन दिनुभयो। मन्तव्यको क्रममा उहाँले स्थानीय निकायमा अत्यधिक संख्यामा स-साना आयोजना रहँदा आयोजनाको गुणस्तर व्यवस्थापन र अनुशासन कायम गर्न कठिनाई रहेकोले ठूला एवं ठोस नतिजा दिने आयोजना छनौट गर्न सम्बन्धित अधिकारीहरुलाई निर्देशन दिनुभयो। उहाँले स्थानीय तहको पुनर्संरचना एवं संक्रमणकालीन व्यवस्थापनमा स्थानीय निकायहरु पूर्वक्रियाशील भई आवश्यक तयारी गर्न जोड दिनुभयो। गत आर्थिक बर्षमा राम्रो कार्यसम्पादन गर्ने स्थानीय निकायहरुलाई धन्यवाद दिँदै नेपाल सरकारका नीति र प्राथमिकता अनुरुप चालू आर्थिक बर्ष ०७३।७४ मा उत्कृष्ट कार्यसम्पादन गर्न थप क्रियाशील हुन आग्रह गर्नुका साथै सफल कार्यसम्पादनको लागि समेत उहाँहरुलाई शुभकामना दिनुभयो।

---------------------------

**अमृत लम्साल**

उप-सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

मिति २०७३ असोज १४ गते

(टुर मुकाम, बुटवल)